गुलरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, बर्दिया
लुम्बिनी प्रदेश

आन्तरिक आय तर्फको नदीजन्य पदार्थ (बालुवा) संकलन / उत्खनन तथा बिक्री सम्बन्धी
शिलबन्दी बोलपत्र आव्हनको सूचना
**दोश्रो पटक सूचना मिती :-२०७९/१०/१२**

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ उपदफा २ घ को (६) ,दफा ६४ उपदफा १ (च), , नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ र गु.न.पा.को स्वीकृति प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE)मा व्यवस्था भए अनुसार देहाय बमोजिमको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्य तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघटने गरी आ.व.०७९/०८० जेष्ठ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, दर्तावाला फर्म, संस्था वा कम्पनीबाट सिलबन्दी बोलपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र तपसिलमा उल्लेखित कानूनी प्रकृया पुरा गरेका ईच्छुक व्यक्ति योग्य फर्महरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७८।०७९ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| आय ठेक्का नं. | नदी तथा खोलाको विवरण | प्रारम्भिक वातावरणीय मूल्यांकन अनुसार उत्खनन् गरिने घाटको विवरण | संकलन र बिक्री गर्न पाउने पाउने अधिकत्तम परिमाण (क्यू.फिट.) | बिक्री र निकासी प्रति क्यू फिट | न्यूनतम ठेक्का अंक, सेवा शुल्क, आय कर ,मूल्य अभिवृद्धि कर (भ्याट समेतको रकम) | धरौटी रकम ५% | बोलप रकम |
|---|---|---|---|---|---|---|---|
| १/२०७९/०८० | बबई नदी | गुरुवागाउँ घाट, बैरियाघाट, जब्दीघाट, प्रयागपुरघाट, बालापुरघाट, बिकीघाट, भादाघाट | गुरुबागाउघाट –८३,३३३ क्यु फिट,बैरियाघाट–३४,७२२ क्यु फिट, जब्दीघाट–४८,६११ क्यु फिट,बालापुरघाट–३४,७२२ क्यु फिट,प्रयागपुरघाट–३४,७२२ क्यु फिट र १८५१८क्यू फिट माटो,बिकिघाट–१३,८८८ क्यू फिट भादाघाट–४८,६११ क्यू फिट | रु.८।- बालुवा र माटो रु ३/– | २४,४४,४२६/–(चौबिस लाख चौबालीस हजार चार सय छब्बीस मात्र | १,२२,२२२/–एक लाख बाइस हजार दुइ सय बाइस मात्र। | ३००० |

शर्तहरु
१.) बोलपत्र फाराम सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समय भित्र तोकिएको शुल्क पछि फिर्ता नहुने गरी बुझाई राजश्व शाखाबाट खरिद गर्न सकिनेछ। खरिद भएका बोलपत्रहरु सिलबन्दी गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्र वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत

२.) बोलपत्र खरिद गर्दा निवेदन सहित फर्म वा संस्थाको व्यवसाय दर्ता/ नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि करको प्रमाणपत्र र आ.व.०७८।०७९ को कर चुक्ता प्रमाणपत्र व्यक्तिको हकमा नागिरकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ ।

३.) बोलपत्र फाराम पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखी कबुल अंकको ५% ले हुने आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता नं ४१४०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर वा बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक को जमानी पत्र (बैंक ग्यारेन्टी) सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता दिईनेछ ।

४.) नेपाल सरकारको प्रचलित कानून बमोजिम लाग्ने आयकर, मुल्यअभिबृद्धि कर तथा शुल्कहरु बोलपत्रदाता स्वयंले सम्झौता गर्दाका बखत तिर्नुपर्नेछ । कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

५.) आ.व.०७९।०८० को लागि कर संकलन मिति सम्झौतामा उल्लेख भए बमोजिम २०८० जेष्ठ मसान्तसम्म हुनेछ ।

६.) बोलपत्र स्वीकृति भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफि दिईनेछैन ।

७.) बोलपत्रदाताको कबोल रकमलाई २ किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कूल कबोल अंकको ५०% हुन आउने रकम सम्झौता हुनु अगावै बुझाउनुपर्नेछ र बाकी ५०% रकमको मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा **२०८० असाढ मसान्तसम्म म्याद भएको बैंक** जमानी पत्र पेश गर्नुपर्नेछ र बाकी ५०% रकम चैत्र मसान्तभित्र बुझाई चुक्ता गर्नुपर्नेछ । तोकिएको म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाकी रहेको किस्ता रकम बैक ग्यारेन्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाईनेछ । त्यस्तो असुल गर्नुपर्ने रकममा १०% थप क्षतिपूर्ति जोडी सरकारी बाकी सरह असुल उपर गरिनेछ । कूल कबोल अंकको एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी कबुल अंकको १०% सम्म छुट दिईने छ ।

८.) बोलपत्र फारममा मूल्यअभिबृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ। म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

९.) यस नगरपालिकाको छाप वा कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

१०.) यो सूचनामा उल्लेखित कुरा यसै सूचना अनुसार हुनेछ, सूचनामा नभएकाको हकमा प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४, ,नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७, गुलरिया नगरपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण २०७७ मा उल्लेख भए अनुसार हुनेछ ।

११.) यस नगरपालिकाको हितमा ध्यानमा राखी बोलपत्र स्वीकृति गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृति गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२) एक फर्म वा संस्थाका नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाईने छैन । म्याद नाघी ,रित नपुगी वा शर्त सहित प्राप्त पेशहुन आएको बोलपत्र स्विकार्य गर्न कार्यालय बाध्य हुने छैन ।

१३) तोकिएको म्यादमा पट्टा उठाउन नआएमा राखीएको धरौटी रकम जफत गरि नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।यस नगरपालीकाको नदि उत्खनन परिमाण सन्दर्भमा स्थानिय सरकार संचालन ऐन २०७४ सम्बन्धीत स्थानिय तह बाट जारी भएको कानुन तथा अन्य प्रचलीत कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालय बाट गरिएको वातावरणीय अध्यन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिने छ ।

१४.) यस सम्बन्धी विस्तृत जानकारी गुलरिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय र यस कार्यालयको Website: www.gulariyamun.gov.np बाट जानकारी प्राप्त गर्न सकिनेछ ।

रुपसिंह खत्री
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत